☎ ०३१-५४००५४

# खडक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कल्याणपुर,सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३

च.नं.

मितिः २०८२/०४/०१

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

**प्रथम पटक प्रकाशित मितिः २०८२/०४/०१**

प्रस्तुत् विषयमा यस नगर कार्यपालिकाको, राजश्व परामर्श समितिको मिति २०८२/०३/३२ गते बसेको बैठकको निर्णयानुसार आन्तरिक आय अन्तर्गत तपसिल बमोजिमको पोखरी तथा हटियाहरुको कर दस्तुर असुली कार्य ठेक्का बन्दोबस्त द्वारा संकलन गर्नु पर्ने भएकोले तपसिलका शर्तहरुको अधिनमा रही ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट रीतपूर्वक शिलबन्दी दरभाउपत्र आह्वानको लागि यो १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

ठेक्काः पोखरी

| सि.न. | पोखरीको नाम | ठेगाना | न्यूनतम अंक रु. (मु.अ.कर बाँहेक) | ठेक्काको अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | साविक बनरझुला २ को पोखरी | खडक न.पा.३ | १६०,०००।- | २०८७ असार मसान्त सम्म (५ आ.व) | |
| २ | जर्मन पोखरी | खडक न.पा.३ | ७५,०००।- | | |
| ३ | अमहा रोड छेउको पोखरी | खडक न.पा.४ | २,००,०००।- | | |
| ४ | करमनियाँ दह पोखरी | खडक न.पा.४ | १,३५,०००।- | | |
| ५ | साविक ३ र ४ को सानो पोखरी | खडक न.पा.४ | ५५,०००।- | | |
| ६ | मेघवारीको मुसहरनियाँ पोखरी | खडक न.पा.५ | १,८५,०००।- | | |
| ७ | डिहवार मन्दिर नजिकको पोखरी | खडक न.पा.८ | ७०,०००।- | | |
| ८ | दक्षिणबारी टोल भदियाको डवरा पोखरी | खडक न.पा.८ | ५०,०००।- | | |
| ९ | कललवा पोखरी | खडक न.पा.९ | ३,५०,०००।- | | |
| १० | तेलिन पोखरी | खडक न.पा.९ | ४,५०,०००।- | | |
| ११ | पुरनी पोखरी | खडक न.पा.९ | १,७५,०००।- | | |
| १२ | अखडाहा भन्ने गोसाइ पोखरी र लवकी पोखरी संयुक्त | खडक न.पा.१० | ११,००,०००।- | | |
| १३ | डोमराही पोखरी | खडक न.पा.११ | ५,००,०००।- | | |

ठेक्काः हटिया

| सि.न. | हटियाको नाम | ठेगाना | न्यूनतम अंक रु. (मु.अ.कर बाँहेक) | ठेक्काको अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | सिस्वा हटिया | खडक न.पा.१ | १,२५,०००।- | २०८३ असार मसान्त सम्म | |
| २ | कंचिरा हटिया | खडक न.पा.३ | १२,०००।- | | |
| ३ | अन्दुलेखी कृषि बजार | खडक न.पा. ४ | ४५,०००।- | | |
| ४ | खरचुहियाँ हटिया | खडक न .पा.५ | १,००,०००।- | | |
| ५ | कल्याणपुर हटिया | खडक न.पा.७ | २,५०,०००।- | | |
| ६ | विसनपुर हटिया | खडक न.पा.८ | १,००,०००।- | | |
| ७ | फुलेश्वरनाथको हटिया | खडक न.पा.१० | ४०,०००।- | | |
| ८ | बनौली हटिया | खडक न.पा.११ | २०,०००।- | | |

नि. प्रमुख प्रशासकीय अधिकृत

☎ ०३१-५४००५४

# खडक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कल्याणपुर,सप्तरी
### मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३

नियम तथा शर्तहरु :

१) फारम दस्तुर रु. ५००।- (पछि फिर्ता नहुने गरी) राजश्व शाखामा नगदै बुझाउनु पर्नेछ । फारम यस नगरपालिकाको राजश्व/प्रशासन शाखाबाट उपलब्ध हुनेछ।

२) शिलबन्दी दरभाउपत्र फारम मिति २०८२/०४/१५ गते बिहिवार कार्यालय समय भित्र खरिद गर्नका साथै सम्पूर्ण प्रकृया पुरा गरी सोहि दिन यस नगरपालिकाको राजश्व/प्रशासन शाखामा दर्ता गराई सक्नु पर्ने छ।

३) शिलबन्दी दरभाउपत्र मिति २०८२/०४/१६ गते शुक्रवार दिनको २:०० बजे कार्यालयमा नियमानुसार खोलिने छ । दरभाउपत्र खरिद र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन तोकिएकै समयमा उक्त कार्यहरु गरिनेछ ।

४) शिलबन्दी दरभाउपत्र आवदेनकर्ता अनुपस्थित भएमा दरभाउपत्र खोलिन कुनै बाधा परेको मानिने छैन् ।

५) दरभाउपत्रमा कबोल रकम भर्दा अंक र अक्षर दुवै प्रष्ट लेखु पर्नेछ । दुवैमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ

६) कबोल रकमको लागि तोकिएको न्युनतम दररेट भन्दा कम भएमा फारम स्वतः रद्द हुनेछ ।

७) ठेकदारले कबोल गरेको अंकमा मु.अ.कर वापतको रकम थप गरी बुझाउनु पर्नेछ।

८) शिलबन्दी दरभाउपत्र पेश गर्दा आफुले कबोल गरेको रकमको न्युनतम ५ प्रतिशतले हुन आउने रकम धरौटी बापत यस न.पा.को नाममा रहेको कृषि विकास बैंक, शाखा कल्याणपुरमा रहेको धरौटी खाता नं. ११०३७०१५०८००४०४७ मा नगद जम्मा गरेको सक्कल भौचर र नागरिकताको प्रतिलिपि संलग्न राखि पेश गर्नु पर्नेछ ।

९) ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र एकमुष्ट रकम जम्मा गर्नेलाई १० प्रतिशत छुट दिईनेछ । यदि एकमुष्ट रकम नबुझाएमा सम्झौता गर्न आउँदा पहिलो किस्ता ६० प्रतिशत नगद राजश्व शाखामा बुझाउनु पर्नेछ, र बाँकी ४० प्रतिशतको रकम पोखरीको हकमा मिति २०८७ श्रावण मसान्त सम्म र हटियाको हकमा मिति २०८३ श्रावण मसान्त सम्मको बैंक ग्यारेन्टी अथवा यस खडक नगरपालिकाको नाममा जग्गा धितो राखे पछि मात्र सम्झौता गरिनेछ ।साथै तोकिएको निर्धारित समय भित्र नियमित रुपमा किस्ता बुझाउनु पर्नेछ ।

१०) एकमुष्ट वा प्रथम किस्ता वापतको ६० प्रतिशत रकम ७ सात दिन भित्र बुझाई चलान पूर्जा लिनु पर्नेछ । नबुझाएमा नियमानुसार शिलबन्दी परेका अन्य व्यक्ति वा संस्थालाई ठेक्का दिईनेछ ।

११) नगरपालिकालाई बुझाउनु पर्ने बाँकी रकम, ठेक्का वा अन्य बाँकी बक्यौता हुनेले बक्यौता रकम यस न.पा. मा नबुझाई दरभाउपत्र पेश गर्न पाईने छैन् ।

१२) ठेक्का बन्दोबस्त भईरहेको अवस्थामा रहेको पोखरीमा कुनै किसिमको संरचना हेरफेर गर्न पाईने छैन र सामान्य मर्मत सम्भारको रकम न.पा. मा दावि गर्न पाईने छैन् ।

१३) ठेक्का बन्दोबस्त भई सकेपछि कुनै किसिमको दैवी प्रकोप, खडेरी आदि भएमा त्यसको जिम्मेवार स्वयम् ठेकेदार नै हुनुपर्ने र कबोल गरेको रकममा मिन्हा हुने छैन् ।

१४) हटियाको हकमा कर पूर्जा अनिवार्य लागू गर्नु पर्नेछ र पूर्जा रसिद ठेकेदार स्वयमले छपाउनु पर्नेछ । नगरपालिकाबाट स्वीकृत दररेट बमोजिम मात्र कर संकलन गर्न पाईनेछ ।

१५) एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको शिलबन्दी फारम अर्को व्यक्तिको नाममा दाखिला गर्न पाईने छैन् ।

१६) कुनै शर्त सहितको दरभाउपत्र स्वीकार्य हुने छैन ।

१७) ठेक्का सम्बन्धी सम्झौतामा लेखिएको हकमा सोही अनुसार र अन्यको हकमा नेपाल सरकारको प्रचलित नियमानुसार हुनेछ ।

१८) ठेक्का स्वीकृत गर्ने अन्तिम अधिकार नगरपालिकामा निहित रहनेछ ।

चन्द्र प्रसाद चौधरी
नि.प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

- श्री सूचना प्रविधि शाखा नगरपालिकाको Website मा Upload गरिदिनु हुन् ।